# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४६) काठमाडौं, जेठ ४ गते २०५३ साल (अतिरिक्ताङ्क ७(ख)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

माननीय पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री चक्रप्रसाद वास्तोला दक्षिण अफ्रिकामा आयोजना हुने नेपाल सेलस मिशनमा भाग लिन २०५३ साल जेठ ५ गते त्यसतर्फ जानु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय शिक्षा मन्त्री श्री गोविन्दराज जोशीले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव

८१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट सम्वत् २०५२ साल भदौ २७ गते प्रधानमन्त्री श्री शेरबहादुर देउवाको अध्यक्षतामा गठन तथा मिति २०५२ असोज ६ गते र २०५२ मंसीर २६ गते हेरफेर गरिबक्सेको मौजूदा मन्त्रिपरिषद्मा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम प्रधानमन्त्रीको सिफारिशमा देहायबमोजिमका राज्यमन्त्री र सहायकमन्त्रीहरू थप नियुक्त गरिबक्सी कार्य विभाजन समेत गरिबक्सेको छ ।

| थप हुनुहुने राज्यमन्त्री र सहायकमन्त्रीहरू | | कार्य विभाजन |
|---|---|---|
| १. श्री मोतीप्रसाद पहाडी | राज्यमन्त्री | कानून तथा न्याय |
| २. श्री खोभारी राय | सहायकमन्त्री | कृषि |
| ३. श्री अनिश अन्सारी | सहायकमन्त्री | आपूर्ति |
| ४. श्री विष्णुविक्रम थापा | सहायकमन्त्री | वाणिज्य |

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।